# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## साना किसान सहकारी मुलुकको आर्थिक क्रान्तिको आधार : गभर्नर डा. खतिवडा

*सन्दर्भः* साना किसान विकास सम्मेलन २०७१




साना किसान विकास बैंकको आयोजनमा यही कार्तिक १६ र १७ गते सम्पन्न भएको ***साना किसान विकास सम्मेलन २०७१*** को घोषणापत्र तथा समापन समारोहमा प्रमुख अतिथिको रुपमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले भाग लिनु भयो । उक्त अवसरमा उहाँले आफ्ना धारणाहरु राख्दै साना किसान सहकारी मुलुकको आर्थिक क्रान्तिको आधार भएको र समावेशी प्रजातन्त्र, लोककल्याणकारी राज्य, सामाजिक न्यायमा आधारित आर्थिक सामाजिक प्रणाली र उत्पादनमूखी आर्थिक प्रणालीका लागि सहकारिता महत्वपूर्ण माध्यम हुने बताउनु भयो ।

गभर्नर डा. खतिवडाले सम्मेलनमा परम्परागत कृषि प्रणालीका कारण १४ लाख भन्दा बढी साना कृषकलाई आफ्नो उब्जनीले छ महिना पनि खान नपुग्ने जानकारी दिँदै सहकारितामार्फत साना किसानका आधारभूत समस्या निराकरण गरी समृद्धितर्फ जान सकिने बताउनु भयो । प्राकृतिक साधन र स्रोतको वितरणमा राज्यले सुनिश्चितता नगरेसम्म सीमान्त किसान माथि उठ्न नसक्ने उल्लेख गर्दै उहाँले कृषि योग्य जमिन खण्डीकरण हुँदै गएको वर्तमान अवस्थामा साना किसान सहकारीले साझा कृषिका माध्यमबाट केही हदसम्म जमिन टुक्रा हुनबाट बचाएकोमा खुसी व्यक्त गर्नु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुले कृषि कर्जामा बढी ब्याजदर कायम गरेको गुनासो तर्फ इङ्गित गर्दै उहाँले नेपालको कृषि व्यवसायमा रहेका प्राकृतिक प्रकोप, बजारको समस्या र मूल्यको अनिश्चितता जस्ता जोखिमहरुको न्यूनीकरण हुन सकेमा प्रतिस्पर्धी ब्याजदर कायम हुन जाने बताउँदै कृषि सहकारीको विकासका लागि भौतिक तथा सामाजिक पूर्वाधार पनि आवश्यक रहेको उल्लेख गर्नुभयो ।

सम्मेलनमा गभर्नर डा. खतिवडाले सामुदायिक र सहकारी संस्थाहरु मात्र नेपालको ग्रामीण भेगसम्म पुग्न सकेको चर्चा गर्दै त्यस्ता संस्थाहरुको काम कारवाही व्यवस्थित र पारदर्शी हुनु पर्नेमा जोड दिनुभयो । यस्ता संस्थाको सुशासनमा जोड दिँदै उहाँले सहकारीहरूले आफ्नो स्वनियमनकारी भूमिका समेत प्रभावकारीरूपमा निर्वाह गर्दै अगाडि बढ्न सुझाव दिनुभयो ।




राजधानीमा कार्तिक १६ देखि सुरु भएको सो सम्मेलनमा नेपाल भरिका ७०० भन्दा बढी साना किसान प्रतिनिधिहरूको सहभागिता थियो । १४ वटा कार्यपत्रहरु प्रस्तुत भएको सो सम्मेलनको उद्घाटन अर्थमन्त्रीले गर्नु भएको थियो भने सम्मेलनलाई नेपालको कृषि र अर्थजगत्सँग सम्बन्धित विज्ञहरु तथा उच्च पदस्थ व्यक्तिहरुले पनि सम्बोधन गर्नु भएको थियो ।

**२०७१।७।१८** **गभर्नरको कार्यालय**